# प्रदेशहरूबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरूको कार्यान्वयन कार्यविधि, २०८१

(आर्थिक वर्ष २०८१/८२)

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८१।०४।३२ को निर्णय अनुसार स्वीकृत भएको कार्यविधि।

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

विषय– सूची

प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने संघीय शसर्त अनुदानका कार्यक्रमहरू (ब.उ.शी.नं. ७०१०००११-७, सबै प्रदेशको लागि) ........ १

१. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२९०११०१) ........ ३

१.१ वनक्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम ........ ३

१.२ वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनमार्फत काठ दाउरा उत्पादन कार्यक्रम ........ ५

१.२.१ साझेदारी वन व्यवस्थापन (दिगो वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन) ........ ५

१.२.२. सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन ........ ६

१.२.३ सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम ........ ७

१.३ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना कार्यान्वयन ........ 10

१.४ वहुवर्षीय बिरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित) ........ ११

१.५ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (जलथल, तिनजुरे मिल्के, धनुषाधाम, फुलचोकी, बरण्डाभार, पञ्चासे, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती, कम्दी, जल्जला, गौमुखा, खाता, कार्के विहार, लिमी उपत्यका, लालझाडी- मोहना, वसन्ता) ........ १४

१.६ नदी उकास जग्गा वृक्षारोपण/ वन पुनर्स्थापना कार्यक्रम ........ १५

१.७ मानव वन्यजन्तु द्वन्द न्यूनीकरण ........ १६

१.८ वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण ........ १७

१.९ कलंकी नागढुङ्गा सडक वृक्षारोपण, संरक्षण तथा हरियाली प्रवर्द्धन चन्द्रागिरी न.पा. काठमाण्डौं ........ १८

१.१० कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रमः ........ १९

१.११ झापा, सुनसरी, सप्तरी, मोरङ, उदयपुरमा मानव वन्यजन्तु द्वन्द तथा वन्यजन्तु उद्दार र व्यवस्थापनका लागि भेटनरी डाक्टर सहितको स.व.र. टोलि परिचालन तथा व्यवस्थापन कार्यक्रम ........ २०

२. जडीवुटी विकास कार्यक्रम (ब.उ.शी.नं. ३२९०२१०१) ........ २१

२.१ प्राकृतिक रुपमा रहेका जडिबुटीहरू संरक्षण तथा व्यवस्थापन ........ २१

२.२ जडीबुटी बिरुवा उत्पादन तथा खेती विस्तार ........ २३

२.३ पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार ........ २५

२.५ अगरउड/चन्दन खेती विस्तार ........ २८

२.६ जडीबुटी सङ्कलन, प्रशोधन तथा खेती विस्तार (काभ्रेपलान्चोक र जुम्ला)........................................ २९
३. जलाधार व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२९०११०२)................................................................ ३०
३.१ ताल तलैया र रनअफ हार्भेष्टिङ ड्याम निर्माण.................................................................................. ३०
३.२. गल्छि, पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण ....................................................................... ३२
४. सहरी हरित पार्क/वातावरणमैत्री पार्क निर्माण (वातावरण विभाग, ब.उ.शी.नं. ३२९०५०११)................... ३३

प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालन हुने संघीय शसर्त अनुदानका कार्यक्रमहरू (ब.उ.शी.नं. ७०१०००११-७, सबै प्रदेशको लागि)

संघीय सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारवाट सशर्त अनुदानमार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनको लागि सरलता, सहजता र एकरुपता प्रदान गर्न तपसिलका बुँदाहरू अवलम्वन गर्ने गरी विनियोजन ऐन, २०८१ को दफा ११ र अर्थ मन्त्रालयवाट आर्थिक वर्ष २०८१/८२ को वजेट कार्यान्वयन सम्बन्धमा मिति २०८१/०४/०१ मा जारी गरिएको मार्गदर्शनको बुँदा नं २१ को प्रावधान बमोजिम यो कार्यविधि लागु गरिएको छ ।

क. प्रदेश सरकारवाट सञ्चालन हुने संघीय सरकारको सशर्त अनुदानका कार्यक्रमहरू प्रदेश सरकारको वन तथा वातावरण हेर्ने मन्त्रालय तथा मातहतका निकायहरूमार्फत कार्यान्वयन गरिनेछ ।

ख. प्रदेश मन्त्रालय अन्तरगतका विभिन्न कार्यालयवाट सञ्चालन हुने कार्यक्रमको वजेट प्रदेश मन्त्रालयले विनियोजन (वाँडफाँट) गरे बमोजिम हुनेछ ।

ग. यस कार्यविधि अनुसार सञ्चालन हुने सशर्त अनुदानका कार्यक्रम विनियोजित बजेटको सीमा वा परिधि भित्र रही संघीय सरकारलाई थप आर्थिक दायित्व सिर्जना नहुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

घ. कार्यक्रमहरूको अनुगमन,मूल्याङ्कन र आवश्यक पृष्ठपोषणको व्यवस्था संघीय वन तथा वातावरण मन्त्रालय र प्रदेश सरकारको वन तथा वातावरण हेर्ने मन्त्रालयले मिलाउने छ ।

ङ. विनियोजित बजेट कार्यक्रमको उद्देश्य बमोजिमनै क्षेत्रगत परिधिभित्र रही कार्यान्वयन गर्नु पर्नेछ र विनियोजन ऐन २०८१ को व्यवस्था विपरीत विनियोजित बजेटलाई स-साना टुक्रे कार्यक्रम तथा आयोजनामा कार्यान्वयन नगर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च. सशर्त अनुदान वित्तीय हस्तान्तरणको माध्यम मात्र नभई सरकारको नीति कार्यान्वयनको सशक्त उपकरण भएको सन्दर्भलाई समेत दृष्टिगत गरी तीनै तहका सरकारहरू को समन्वय तथा सहकार्य र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

छ. कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मसको हकमा सोही बमोजिम र नर्मस स्वीकृत नभएको हकमा जिल्ला दररेट र सो नभएमा आकस्मिक कार्यक्रम बाहेकको हकमा लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्नु पर्नेछ ।

ज. कामको प्रकृति र स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, सार्वजनिक खरिद ऐन-२०६३,सार्वजनिक खरिद नियमावली-२०६४, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउनु पर्नेछ ।

झ. प्रदेश वन निर्देशनालयले नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयहरूबाट भौतिक र वित्तीय प्रगति सहितको विवरण माग गरी प्रदेशको वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालयमार्फत मासिक तथा त्रैमासिक रूपमा संघीय वन तथा वातावरण मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने ।

# १. राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२९०११०१)

नेपालको वन क्षेत्रको दिगो ढङ्गबाट संरक्षण, विकास र व्यवस्थापन गर्दै काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादकत्व र उत्पादन वृद्धि गरी स्थानीय जनताको वन पैदावारको आवश्यकता परिपूर्ति गर्दै राष्ट्रिय समृद्धिमा योगदानमा पुऱ्याउन विगतदेखी नै राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम वन तथा वातावरण मन्त्रालयको प्राथमिकताका प्राप्त कार्यक्रमको रूपमा कार्यान्वयनमा रहेको छ।

यस कार्यक्रम अन्तर्गत मुख्यरूपमा वन तथा जैविक विविधताको संरक्षण, वन संरक्षण, संवर्द्धन तथा व्यवस्थापन र वन पैदावारको सदुपयोग तथा आपूर्तिका कार्यक्रमहरू पर्दछन् । जडीबुटी विकास कार्यक्रम लागू नभएका जिल्लाहरूमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापन समेत यसै कार्यक्रमबाट हुँदै आइरहेको छ । यसै कार्यक्रम अन्तरगत सबै डिभिजन वन कार्यालयहरूमा वन कार्ययोजना तयारी तथा अद्यावधिक गरी सोही अनुसारका क्रियाकलाप सञ्चालन गरिँदै आएको छ । अतः चालु आर्थिक वर्षमा यस कार्यक्रम अन्तरगत निम्न क्रियाकलापहरू सञ्चालन हुनेछन् ।

## १.१ वनक्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम

पृष्ठभूमि:

तीव्र जनसंख्या वृद्धि, बढ्दो सहरीकरण तथा विकास निर्माणसँगै वन क्षेत्रमाथिको चाप बढ्दै गएको छ भने अतिक्रमणको चुनौती समेत थपिएको छ । क्षेत्रलाई वन क्षेत्रको रूपमा संरक्षण र व्यवस्थापन गरी जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्न यस कार्यक्रम सञ्चालन गरिँदै आएको छ ।

यस कार्यक्रमबाट अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरू तथा घर टहरा हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । आकस्मिक रूपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिँदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ। आकस्मिक रूपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिँदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ ।

उद्देश्य:

- अतिक्रमित वन क्षेत्र खाली गरी पुर्स्थापन गर्ने

• वन क्षेत्रको अतिक्रमण नियन्त्रण गर्ने ।

कार्यान्वयन विधि:

- यस कार्यक्रम अन्तर्गत अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण गर्ने, आवश्यकतानुसार रोपिएका बिरुवाहरूको संरक्षणका लागि हेरालुको व्यवस्था समेतका काममा खर्च गर्नुपर्नेछ।
- अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, इन्धन खर्च, सञ्चार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ।
- अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्सा, तुलनात्मक फोटो, GIS नक्सा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ ।
- वन अतिक्रमण हटाउँदा विशेष गरी निम्न कुराहरूमा ध्यान दिई कार्यान्वयन योजना तयार गर्नुपर्नेछ

  क. पूर्वतयारी कार्यक्रमः लगत अद्यावधिक तथा योजना तयार, कार्यदलको बैठक सञ्चालन, जनचेतनामूलक सन्देश प्रसारण तथा प्रकाशन, फिल्ड स्तरीय अन्तरक्रिया आदि ।

  ख. अतिक्रमण नियन्त्रणः समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्र्याक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बीमा आदि ।

  ग. जनशक्ति परिचालनः सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि

  घ. पुर्नस्थापनाः योजना तयारी, बिरुवाको व्यवस्था तथा वृक्षारोपण, तारबार, सिमाना, हेरालु व्यवस्था आदि

- अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सहभागितामूलक ढङ्गले वृक्षारोपण, संरक्षण तथा वन विकासका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- अतिक्रमित वन क्षेत्र पुनर्स्थापना भई वृक्षारोपण सहित संरक्षण र उचित व्यवस्थापन हुने ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी, सुरक्षाकर्मी, वन उपभोक्ता समूह तथा सरोकारवाला निकायहरू र स्थानीय तह

जिम्मेवार निकाय

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरू

## १.२ वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनमार्फत काठ दाउरा उत्पादन कार्यक्रम

वन सम्वर्द्धन प्रणाली अन्तरगत तपसिलका कार्यक्रमहरू समावेश गरिएका छन् :

### १.२.१ साझेदारी वन व्यवस्थापन (दिगो वन व्यवस्थापन, कार्ययोजना कार्यान्वयन)

पृष्ठभूमि/ परिचय

नेपालमा तराई वन व्यवस्थापन गर्ने उद्देश्यले ३१ वटा साझेदारी वनहरू कार्यान्वयनमा रहेका छन्। सो वनहरूको दिगो व्यवस्थापन गरी वन पैदावार काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने देखिन्छ।

उद्देश्य

साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- स्वीकृत बजेटको परिधि भित्र रही साझेदारी वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्यान्वयन इकाईले वार्षिक कार्यक्रम तयार गर्नु पर्ने छ ।
- यसरी तयार भएको कार्यक्रम उपभोक्ता समितिको बैठकबाट पास गरी डिभिजन वन अधिकृतबाट स्वीकृत गराएर लागु गर्नुपर्नेछ ।
- बजेट खर्च तथा कार्यक्रमको प्रगति सहितको प्रतिवेदन उपभोक्ता समूहले डिभिजन वन कार्यालयमा नियमित रूपमा पेस गर्नु पर्ने छ।
- कार्यक्रम कार्यान्वयन समूहबाट,वन कर्मचारी वा सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- साझेदारी वनको व्यवस्थापन भई काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी, साझेदारी वन व्यवस्थापन समूह/समिति, स्थानीय तह लगायत अन्य सरोकारवालाहरू

जिम्मेवार निकाय

- डिभिजन तथा सब-डिभिजन वन कार्यालय

१.२.२. सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन

पृष्ठभूमि/ परिचय

- सरकारद्वारा व्यवस्थित वन" भन्नाले वन ऐन, २०७६ को परिच्छेद - ३ बमोजिम नेपाल सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनु पर्छ । सो वनहरूको दिगो व्यवस्थापन गरी वन पैदावार काठ दाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने देखिन्छ।

उद्देश्य

सरकारद्वारा व्यवस्थित वनहरूमा दिगो वन व्यवस्थापन गर्ने गरी काठ दाउराको उत्पादन वृद्धि गर्ने।

कार्यान्वयन कार्यविधि

- यस शीर्षक अन्तर्गत प्रचलित नर्मस् बमोजिम वन व्यवस्थापनको स्वीकृत कार्ययोजनामा उल्लेखितका कार्यक्रम तथा सो अन्तरगत विस्तृत कार्यक्रम बनाई एक तह माथि अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।
- वन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्दा कार्ययोजनामा लेखिएको समय सीमा भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।
- कार्यान्वयन गरिएका योजना कार्यक्रम, बजेट, नक्सा लगायतका विवरणहरू खुल्ने गरी साइनबोर्ड बनाई सबैले देख्ने स्थानमा राख्नु पर्दछ ।
- यसका सम्पूर्ण वा आंशिक कार्यक्रम सेवा प्रदायक तथा ठेक्का प्रथाबाट समेत गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- सरकारद्वारा व्यवस्थित (चक्ला वन समेत) वन व्यवस्थापन भई काठदाउराको उत्पादन तथा स्थानीय रोजगारी र राष्ट्रिय आयमा समेत टेवा पुग्ने ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन तथा सब-डिभिजन वन कार्यालय

### १.२.३ सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम

पृष्ठभूमि/ परिचय

हाल २२,००० हजार भन्दा बढी सामुदायिक वन उपभोक्ता समूहमार्फत २२,३७,६७० हेक्टर वनक्षेत्र व्यवस्थापन भइरहेको छ । जसबाट २९,०७,८७१ घरधुरी लाभान्वित भई स्थानीय रोजगारीमा योगदान पुर्याईरहेको छ ।

कार्यान्वयन कार्यविधि

- यस कार्यक्रम अन्तर्गत सामुदायिक वन समूह गठन, कार्ययोजना तयारी तथा वन हस्तान्तरण,तथा कार्ययोजना पुनरावलोकन, दिगो वन व्यवस्थापनका लागि वन व्यवस्थापनको स्थलगत अभ्यास, क्षमता तथा सिप विकास, कार्ययोजना कार्यान्वयन (वन व्यवस्थापन,पुनरुत्पादन व्यवस्थापन आदि),तथ्यांक सङ्कलन तथा अद्यावधिक जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- सामुदायिक वनको दिगो वन व्यवस्थापनको कार्ययोजना तयारी गर्दा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

*क. सामुदायिक वन क्षेत्र छनौट*

दिगो वन व्यवस्थापनका लागि उपलब्ध भए सम्म १०० हेक्टर वा सो भन्दा बढी क्षेत्रफलका सामुदायिक वनहरू दिगो व्यवस्थापनको लागि छनौट गर्नु पर्दछ ।

*ख. दिगो वन व्यवस्थापन कार्ययोजना तयारी (परिमार्जन), स्वीकृति*

- क्षमता अभिवृद्धि : छनौटमा परेका सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरूलाई वन व्यवस्थापन सम्बन्धमा आधारभूत तालिम दिन सकिनेछ ।यस्तो तालिम अधिकांश फिल्डमा गएर वन क्षेत्रमा नै सञ्चालन गर्नु पर्नेछ ।
- दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा परिमार्जन : कार्ययोजना तयारीका लागि प्राविधिक सहायता डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ । तर डिभिजन वन कार्यालयको जनशक्तिले नभ्याउने अवस्थामा परामर्श सेवाबाट कार्ययोजनाहरू तयारी तथा परिमार्जन गर्न सकिनेछ ।
- सेवा प्रदायकबाट कार्ययोजनाहरू तयार वा परिमार्जन गर्नुपर्ने भएमा निम्न प्रक्रिया पुरा गरी गर्नु पर्नेछ ।

क) डिभिजन वन कार्यालयले वन व्यवस्थापन कार्ययोजना तयार गर्न सक्ने प्राविधिकहरू भएको सम्भाव्य सेवा प्रदायकहरूको सूची डिभिजन वन कार्यालयले तयार गर्नु पर्नेछ।

ख) समूहले कार्ययोजना तयार गर्नको लागि डिभिजन वन कार्यालयमा सूचिकृत भएका सेवा प्रदायकबाट प्रस्ताव आव्हान गरी कम्तीमा डिभिजन वन कार्यालय, सम्बन्धित सबडिभिजन वन कार्यालय र समूहमा तीस दिने सूचना टाँस गर्नु पर्नेछ ।

ग) प्रस्तावकले प्रस्ताव पेस गर्दा वन कार्ययोजना तयार गर्ने कार्यमा संलग्न हुने वन प्राविधिकको बायोडाटा अनिवार्य रूपमा समावेश भएको हुन पर्ने छ र प्रस्तावमा बायोडाटा समावेश भएको प्राविधिकले नै काम गर्नु पर्ने छ । कार्ययोजना तयार गर्ने वा परिमार्जन गर्ने वन प्राविधिक (टोली नेता) कम्तीमा वन विज्ञानमा स्नातक गरी सम्बन्धित विषयमा ३ वर्षको अनुभव भएको हुनु पर्नेछ ।

घ) परेका प्रस्तावहरूको समूहले डिभिजन/सबडिभिजन वन कार्यालयका वन प्राविधिकको सहयोगमा प्राविधिक र आर्थिक पक्षको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ । प्राविधिक पक्षको भार ७० प्रतिशत र आर्थिक पक्षको भार ३० प्रतिशत राखी मूल्याँकन गर्दा जसले सबैभन्दा बढी अङ्क प्राप्त गर्दछ सोही सेवा प्रदायकलाई छनौट गरी काम सुरु गर्न सहमतिको लागि डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

ङ) डिभिजन वन कार्यालयले कार्ययोजना तयारी वा परिमार्जन गर्ने कार्यको लागत अनुमान तयार गरी सो कार्य बापतको रकम सम्बन्धित समूहको बैंक खातामा जम्मा गर्न सक्नेछ । लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स र जिल्ला दररेटलाई आधार लिनुपर्नेछ । स्वीकृत लागत अनुमानभन्दा डिभिजन वन कार्यालयले उपलब्ध गराएको रकम कम वा अपुग हुने भएमा समूहले आफ्नो कोषको रकम समेत खर्च गरी कार्ययोजना तयारी तथा कार्यान्वयन गर्न सक्नेछ ।

च) समूहले माथि उल्लेखित प्रक्रिया पुरा गरी छनौट भएको सेवा प्रदायकसँग लागत र समय तोकी सम्झौता गरी कार्ययोजना तयारी गर्नु पर्नेछ । सम्झौता बमोजिम समयमै काम सम्पन्न नगर्ने सेवा प्रदायकलाई सम्वन्धित समूहको सिफारिसमा डिभिजन वन कार्यालयले कालोसूचीमा राख्ने लगायत कारवाही गर्न सक्नेछ । सब-डिभिजन वन कार्यालयले सो को अनुगमन तथा पृष्ठपोषण गर्नेछ ।

छ) उपरोक्त अनुसार तयार भएको वा परिमार्जन भएको कार्ययोजना स्वीकृति पूर्व पुनरावलोकनका लागि डिभिजनल वन अधिकृतले ३ सदस्यीय टिम गठन गर्नु पर्नेछ, उक्त टिमले समीक्षा, पुनरावलोकन गरी आवश्यक परे विशेषज्ञको समेत सेवा लिई कार्ययोजनामा आवश्यक सुधार गरी स्वीकृतिको लागि सिफारिस गर्नु पर्नेछ । टिमको लागि आवश्यक वैठक, खाजा, मसलन्द तथा विशेषज्ञको पारिश्रमिक आदि यस शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिनेछ ।

ज) डिभिजनल वन अधिकृतले गठन गरेको टोलीको पुनरावलोकन पश्चात् उपभोक्ताको साधारण सभाबाट पारित गरी कार्ययोजना स्वीकृतिका लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

झ) यस शीर्षक अन्तरगत विनियोजित बजेटको कम्तीमा ९६ प्रतिशत सामुदायिक वनमा र बढीमा ४ प्रतिशत रकम कार्यक्रम सञ्चालनका लागि डिभिजन वन कार्यालयले व्यवस्थापकीय कार्यमा खर्च गर्न सक्नेछ ।

<u>अपेक्षित उपलब्धि</u>

- सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा परिमार्जन गरी स्वीकृति तथा कार्यान्वयन भएको हुने ।

<u>जनशक्ति व्यवस्थापन</u>

- सामुदायिक वनको कार्ययोजना कार्यान्वयन समूहबाट गर्नुपर्नेछ ।
- प्रदेशस्तरका डिभिजन तथा सवडिभिजन कार्यालयका कर्मचारीहरूद्वारा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- काठ दाउरा सङ्कलनको काम सेवा प्रदायकबाट गर्न सकिनेछ ।

<u>जिम्मेवार निकाय</u>

- डिभिजन तथा सवडिभिजन कार्यालय
- सामुदायिक वन

## १.३ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना कार्यान्वयन

<u>पृष्ठभूमि/ परिचय</u>

सुख्खा याम अर्थात् फाल्गुण– चैत्र देखिनै वनजंगल क्षेत्रमा विभिन्न कारणवाट आगलागी एवं डढेलोको प्रकोप गम्भीर रूपमा देखापर्दै आएको छ । कतिपय अवस्थामा मानिसको नियन्त्रण भन्दा वा वाहिर पनि वन डढेलो प्रकोप देखापर्ने गरेको छ । वन डढेलोको नियन्त्रण गर्न पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित Action plan हरू एउटा आधार हुनेछ ।

<u>उद्देश्य</u>

- <u>वन डढेलो नियन्त्रण तथा व्यवस्थापन गरी वन विनाश तथा क्षयीकरण हुन वाट जोगाउने।</u>

<u>कार्यान्वयन कार्यविधि</u>

- यस शीर्षकमा व्यवस्था भएको रकम तपसिलका शीर्षकहरूमा खर्च गर्न सकिन्छ :
  - नियन्त्रित डढेलो लगाउने, सञ्जाल परिचालन, वनमा भएको प्रज्वलनशील सुक्खा पदार्थ व्यवस्थापन आदि
  - अग्निरेखा निर्माण तथा मर्मत सुधार, प्रचारप्रसार, जनचेतना अभिवृद्धि, अग्नि नियन्त्रण सञ्जाल, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि खर्च), प्राथमिक उपचार, दमकल परिचालन आदि
  - वन डढेलो सम्वन्धी उपकरण खरिद
- कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछ ।
- डढेलो नियन्त्रणका सामग्रीहरू: Swatter(स्वाटर), Jet Shooter(जेट सुटर), Shovel(वेल्चा), Rake(दाँती), Rake-hoe (दाँती हलो), Axe-hoe(वन्चरो), First-aid Kit (प्राथमिक उपचार), Jump-suit (जम्प शुट), Gloves (वाक्लो पँजा), Helmet (हेल्मेट), Boot (जुत्ता), Torch (टर्च), Socks (वाक्लो मोजा), Water Bottle (पानीको वोतल), Face Mask (अनुहार मास्क), Water tank (पानी टैंक) र अन्य आवश्यक स्थानीय सामाग्री

अपेक्षित उपलब्धि

- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वियन भई वन डढेलो नियन्त्रण तथा व्यवस्थापन हुने ।
- वन डढेलो नियन्त्रण सम्वन्धी प्रचार प्रसार हुने ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरूका कर्मचारी
- स्थानीय तह,
- वन उपभोक्ता समूहहरू
- सेना,प्रहरी लगायत सुरक्षा दस्ता

जिम्मेवार निकाय

डिभिजन तथा सव-डिभिजन वन कार्यालय

## १.४ वहुवर्षीय बिरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित)

पृष्ठभूमि/ परिचय

खाली रहेका सरकारी, सामुदायिक तथा निजी क्षेत्रमा वृक्षारोपण गरी हरियाली तथा वनक्षेत्रको विकासका लागि वहुवर्षीय जातीका बिरुवाहरू उत्पादन गर्न यो कार्यक्रम सञ्चालन हुँदै आएको छ।यस कार्यक्रमबाट वहुवर्षीय बिरुवाको वृक्षारोपणका लागि आवश्यक बिरुवा उत्पादन गर्न नर्सरी व्यवस्थापन गरिनेछ ।

उद्देश्य

- जिल्लामा खाली रहेको वनक्षेत्रमा वृक्षारोपण गर्न,
- समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न

कार्यान्वयन कार्यविधि

प्रजाति छनौटः

- वहुवर्षिय बिरुवा उत्पादनको लागि विभिन्न प्रकारका वहुउपयोगी काष्ठ तथा गैरकाष्ठ प्रजाति छनौट गर्नुपर्नेछ।

- यसरी प्रजाति छनौट गर्दा कर्मचारीहरूको बैठकबाट स्थानीय आवश्यकता, उपभोक्ताहरूको रुचि, प्राविधिक उपयुक्तताका आधारमा गर्नुपर्नेछ साथै आवश्यकतानुसार विज्ञहरू समेतको राय लिन सकिनेछ ।
- जिल्लामा कुन कुन प्रजातिका बिरुवाहरूको माग छ सो को प्राथमिक सर्वेक्षण गरी माग बमोजिम र वृक्षारोपण गरिने क्षेत्रको लागि चाहिने बिरुवा संख्या र प्रजाति यकिन गर्नुपर्नेछ साथै सोही अनुसार बिरुवा उत्पादनको लागि कार्ययोजना (समय तालिका) तयार गर्नुपर्नेछ

<u>नर्सरी व्यवस्थापन</u>

- बिरुवा उत्पादनको लागि कार्यालय आफैले नर्सरी सञ्चालन गर्दा बिउ स्रोत, बिरुवा उत्पादनको समय तालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको वन नर्सरी रजिस्टर राख्नु पर्नेछ । यसमा विभिन्न साइजका पोलिपटमा विभिन्न साइजका बिरुवाहरू उत्पादन गर्न सकिनेछ ।
- यो कार्यक्रम सुविधायुक्त निजी वन नर्सरीहरूबाट पनि सञ्चालन गर्न सकिनेछ ।

<u>बिरुवा उत्पादन वितरण तथा वृक्षारोपण</u>

- गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुख बिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ । उपलब्ध भएसम्म विभागबाट प्रमाणित गरिएको बीऊ खरिद वा सङ्कलन गर्नुपर्नेछ ।
- बिरुवा उत्पादन तथा वितरणको लागि सर्भे, स्थलगत निरीक्षण, कार्ययोजना तयारी तथा रिपोर्टिङ लगायतका काममा आवश्यक पर्ने इन्धन, खाजा खर्च र मसलन्द आदिमा यो शीर्षकबाट खर्च गर्न सकिनेछ । सो को लागि पहिला नै लगत इस्टिमेटमा खुलाउनुपर्नेछ
- वन नर्सरीबाट वितरण भएको बिरुवा विवरण अनिवार्य रूपमा अभिलेखीकरण गर्नुपर्नेछ।
- बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरू जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरू आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ।

- यसरी उत्पादन हुने विरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरूलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ
- कम्तीमा २ वर्ष सम्म नर्सरीमा नै स्याहार सम्भार गरी हुर्काएको विरुवा मात्र वितरण तथा वृक्षारोपण गर्नुपर्नेछ ।

अभिलेखीकरण

- उत्पादन भई वितरण तथा वृक्षारोपण गरिएको क्षेत्रफल समेतको अद्यावधिक लगत राख्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समावेश गर्नुपर्नेछ ।
    - उत्पादित विरुवाहरूको जात र संख्या
    - वितरणको लगतः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ती जग्गामा रोपण गर्न
    - वृक्षारोपण गरेको स्थान, प्रजाति संख्या तथा क्षेत्रफल
    - विभिन्न क्रियाकलापहरूको फोटोहरू
- विनियोजित बजेटवाट नर्सरी नाइकेको पारिश्रमिकको लागि समेत खर्च गर्नुपर्नेछ ।

अपेक्षित उपलब्धि

- वहु वर्षीय विरुवा उत्पादन गरी खाली पर्ती बाँझो जग्गामा वृक्षारोपण गरी हरियाली कायम गर्ने

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सव-डिभिजन वन कार्यालयहरूका कर्मचारी
- निजी क्षेत्र
- वन उपभोक्ता समूहहरू

जिम्मेवार निकाय

- डिभिजन तथा सव-डिभिजन वन कार्यालय

१.५ जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (जलथल, तिनजुरे मिल्के, धनुषाधाम, फुलचोकी, बरण्डाभार, पञ्चासे, मदाने, रेसुङ्गा, थाप्ले सत्यवती, कम्दी, जल्जला, गौमुखा, खाता, कार्के विहार, लिमी उपत्यका, लालझाडी- मोहना, वसन्ता)

पृष्ठभूमि/ परिचय

राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भन्दा बाहिरको कुनै जैविक विविधता तथा अन्य संवेदनशील क्षेत्रलाई जैविक मार्ग तथा वन संरक्षण घोषणा गरी संरक्षणका कार्यलाई बढावा दिने कानूनी प्रावधान रहेको छ।

उद्देश्य

- जैविक मार्ग तथा वन संरक्षण क्षेत्रहरूको संरक्षण र व्यवस्थापन गर्दै जैविक विविधताको संरक्षण गर्ने ।

कार्यान्वयन कार्यविधि

- वन संरक्षण, प्रजाति संरक्षण, जलाधार संरक्षण,वासस्थान संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि मेसजाली, वन्यजन्तुको लागि पानी पोखरी निर्माण, घाँसे मैदान व्यवस्थापन, जैविक विविधता तथा जैविक मार्ग संरक्षण सम्बन्धी प्रचार प्रसारका कार्यहरू गर्न सकिने,
- यस्ता सञ्चालन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयको पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका कार्यहरूलाई मुख्य प्राथमिकता दिई हाल कार्यान्वयनमा रहेका TAL, CHAL लगायतका भू-परिधिस्तरका रणनीति तथा कार्यक्रमसँग तालमेल हुने गरी तथा अन्य विकास साझेदारहरूको कार्यक्रमसँग नदोहोरिने गरी कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाउने
- प्रजाति संरक्षण कार्ययोजना अनुसारका कार्यक्रम सन्चालन गर्ने र स्थान तथा क्रियाकलाप तोकेको हकमा सोही अनुसार कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएर क्रियाकलापहरू सञ्चालन गर्न सकिने छ।

अपेक्षित उपलब्धि

- विभिन्न स्थानमा संरक्षित क्षेत्र भन्दा बाहिरको क्षेत्रहरूमा वन्यजन्तुहरूको जैविक मार्ग, वासस्थान संरक्षण र वन संरक्षण क्षेत्रको संरक्षण एवं व्यवस्थापन भएको हुनेछ।

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

जनशक्ति व्यवस्थापन

- प्रदेश स्तरको सम्बन्धित कार्यालयका कर्मचारीहरूको प्राविधिक सहयोगमा कार्य सञ्चालन गर्न सकिनेछ र आवश्यकता अनुसार प्रदेशले जनशक्ति व्यवस्थापन समेत गर्न सक्नेछ ।

जिम्मेवार निकाय

- तोकिएको डिभिजन तथा सब-डिभिजन वन कार्यालय तथा निकायहरू

१.६ नदी उकास जग्गा वृक्षारोपण/ वन पुनर्स्थापना कार्यक्रम

पृष्ठभूमि/परिचय

देशका विभिन्न भागमा विशेष गरी तराई, चुरे र भित्री मधेशमा ठुलो क्षेत्रफलमा नदी उकास तथा खाली क्षेत्र रहेको छ। सो क्षेत्रहरूमा वृक्षारोपण गर्दा खाली जग्गाको सदुपयोग भई वातावरण संरक्षण, जैविक विविधता संरक्षणमा सहयोग पुग्नुका साथै वन पैदावारका लागि राष्ट्रिय वनमा चाप समेत कम गराउन सकिन्छ ।

उद्देश्य

- नदी उकास क्षेत्रलाई पुनर्स्थापना गरी हरियाली कायम गर्नुका साथै वन पैदावार उत्पादनमा टेवा पुऱ्याउने

कार्यान्वयन कार्यविधि

- मातहतका सब-डिभिजन वन कार्यालयमार्फत विरुवा उत्पादन कार्ययोजना बनाई वृक्षारोपण गरी नदी उकास तथा खाली रहेको क्षेत्रमा वन क्षेत्रको विकास गर्ने गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।
- वृक्षारोपणको कार्य गर्दा बहुवर्षीय बिरुवा मात्र लगाउनुका साथै उक्त बिरुवाको पर्याप्त सुरक्षा हुने गरी तारबार वा बारबेराको प्रबन्ध मिलाउनु पर्नेछ ।
- यो कार्यक्रमका लागि आवश्यक विरुवा उपयुक्त खरिद प्रक्रिया अपनाई निजी वन नर्सरीहरू वा डिभिजन वन कार्यालयहरूको आफ्नै नर्सरीबाट समेत उपलब्ध गराउन सकिनेछ ।

अपेक्षित उपलब्धि

- लक्षित कार्यक्रम अनुसारको नदी उकास तथा खाली जग्गामा वृक्षारोपण हुनेछ ।

○ खाली तथा पर्ती जमिनको उपयोग सँगै हरियाली वृद्धि हुनेछ ।

जनशक्ति व्यवस्थापन

○ सम्वन्धित डिभिजन/सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक

जिम्मेवार निकाय

○ सम्वन्धित डिभिजन/सब-डिभिजन वन कार्यालय

## १.७ मानव वन्यजन्तु द्वन्द न्यूनीकरण

पृष्ठभूमि/ परिचय

मानव वन्यजन्तु द्वन्द्व मानवीय संवेदनासँग जोडिएको विषयमा हो । वन्यजन्तुको संरक्षणमा प्राप्त सफलतासँगै देशका विभिन्न भागमा मानव र वन्यजन्तुविच द्वन्द्व वढिरहेको अवस्था छ। खास गरी राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष लगायतका संरक्षित क्षेत्र तथा अन्य वनजंङ्गल आसपासको क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्वका घटनाहरू घटिरहेका छन् । यसलाई न्यूनीकरण गर्दै मानव वन्यजन्तु सहअस्तित्व कायम गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

उद्देश्य

○ घाइते, हिंस्रक वन्यजन्तुको उद्धार, नियन्त्रण तथा व्यवस्थापन गरी मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

○ उद्धार कार्य गर्न, उद्धारसँग सम्वन्धित औषधि सामाग्रीमा खर्च गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

○ यस कार्यक्रमबाट मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा टेवा पुग्ने छ ।

जनशक्ति व्यवस्थापन

○ डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी, स्थानीय तह, संरक्षण साझेदारहरू र नेपाली सेना तथा नेपाल प्रहरीमा उपलब्ध जनशक्तिहरूको उपयोग गर्न सकिनेछ ।

जिम्मेवार निकाय

○ सम्वन्धित डिभिजन/सब-डिभिजन वन कार्यालय

१.८ वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण

पृष्ठभूमि/ परिचय

जैविक विविधता तथा वन्यजन्तु संरक्षणमा नेपालको सहभागितामूलक व्यवस्थापन पद्धति विश्वमा नै अनुकरणीय रहेको छ । सबै सरोकारवालाहरूको सहभागिताको परिणाम स्वरुपनै नेपालको वन क्षेत्र तथा दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरूको संख्यामा वृद्धि भएको छ ।संरक्षणमा सफलता संग सँगै वनमा आश्रित तथा वन क्षेत्रको वरिपरि रहेका जनताहरू वन्यजन्तुको आक्रमणमा पर्ने घटनाहरू पनि बढ्दो क्रममा रहेका छ । यसरी मानव वन्यजन्तु द्वन्द्वका कारणबाट उत्पन्न हुने प्रकोपबाट पीडित व्यक्तिहरूलाई वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बमोजिम राहत उपलब्ध गराउने प्रयोजनार्थ यस कार्यक्रम तय गरिएको छ ।

उद्देश्य

- वन्यजन्तुबाट भएको मानवीय, पशुधन, खाद्यान्न बाली तथा सम्पत्तिको क्षतिको लागि राहत उपलब्ध गराई मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्ने ।

कार्यान्वयन कार्यविधि

- सम्बन्धित निकायबाट यस शीर्षकमा विनियोजित बजेटबाट वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० बमोजिम राहतको लागि खर्च गर्नु पर्नेछ । साथै निर्देशिकाले तोके बमोजिम राहत वितरणको प्रतिवेदन समेत उपलब्ध गराउनु पर्नेछ ।

अपेक्षित उपलब्धि

- वन्यजन्तुबाट पीडित जनताले प्रभावकारी तथा छिटो छरितो तवरबाट राहत प्राप्त गर्नेछन् ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित वन हेर्ने प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय तथा डिभिजन वन कार्यालयहरू

जिम्मेवार निकाय

प्रदेश वन निर्देशनालय

## १.९ कलंकी नागढुङ्गा सडक वृक्षारोपण, संरक्षण तथा हरियाली प्रवर्द्धन चन्द्रागिरी न.पा. काठमाण्डौं

पृष्ठभूमि/ परिचय

काठमाडौं उपत्यका लगायतका सहरी क्षेत्रमा हरियाली क्षेत्रको कमी हुँदै गएको छ जसले गर्दा सडक लगायतका क्षेत्रबाट उत्पन्न हुने धुलो धुवाँले वायु प्रदूषणलाई बढावा दिँदै आएको छ । काठमाडौं उपत्यकामा सडक विस्तारको क्रम तीव्र भएसँगै धुलो धुवाँमार्फत हुने प्रदूषण बढेको महसुस गरिएता पनि यसबाट सडकको दायाँ बायाँ वृक्षारोपण गरी हरियाली कायम गर्न सक्ने अवसर पनि प्राप्त भएको छ।

उद्देश्य

- सहरी वनको विकासमार्फत हरियाली कायम गर्दै प्रदूषण नियन्त्रणमा र सहरी सौन्दर्यीकरण वृद्धि गर्ने ।
- कलंकी नागढुंगा सडकको वृक्षारोपण, संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने

कार्यान्वयन कार्यविधि

- यस कार्यक्रममा विनियोजित बजेट सडक वृक्षारोपण गर्नका लागि आवश्यक सामाग्री खरिद, घेरावारा, विरुवा खरिद तथा वृक्षारोपण, मल खरिद लगायतका कार्यका लागि खर्च गरिनेछ। यस सडक वृक्षारोपण कार्यमा सौन्दर्यपरक सडक वृक्षारोपणको लागि उपयुक्त प्रजातिका रुख प्रजातिका बिरुवाहरू उचित संरक्षणको प्रबन्ध सहित वृक्षारोपण गरिनेछ ।

अपेक्षित उपलब्धि

- सडक वृक्षारोपण भई हरियाली प्रवर्द्धन हुने र प्रदूषण नियन्त्रणमा सकारात्मक भूमिका खेल्ने।

जनशक्ति व्यवस्थापन

- डिभिजन वन कार्यालयले सम्वन्धित स्थानीय तह, स्थानीय सरोकारवालाहरू तथा सडक कार्यालयहरूको

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय

## १.१० कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रमः

पृष्ठभूमि/ परिचय

कम हैसियतका वन क्षेत्रहरूमा हरियाली प्रवर्द्धन तथा वनको विकास गर्दै गरिवीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले विगतदेखि कवुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुँदै आएको छ । हाल करिव ७००० को संख्यामा कवुलियती वन उपभोक्ता समूहहरूले वनको व्यवस्थापन गर्दै आएका छन् । कवुलियती वनको विकास र प्रवर्द्धनद्वारा बनको हैसियतमा सुधार ल्याउँदै उपभोक्ताका वन पैदावार लगायतका अन्य आवश्यकताहरू समेत आपूर्ति गर्न सकिन्छ । विगतमा हस्तान्तरण भएका कतिपय कवुलियती वन उपभोक्ताहरू हाल निष्क्रीय अवस्थामा रहेका छन् । अतः त्यस्ता कवुलियती वन उपभोक्ताहरूलाई सक्रिय वनाउँदै वन को व्यवस्थापनमा उनीहरूलाई परिचालन गर्नु आजको आवश्यकता रहेको छ ।

उद्देश्य

- वनको हैसियतमा सुधार भई हरियाली प्रवर्द्धन तथा वनको विकास र विस्तार हुने ।
- गरिवीको रेखामुनि रहेका स्थानीय वन उपभोक्ताहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने

कार्यान्वयन कार्यविधि

- यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट कवुलिती वनको कार्ययोजना नवीकरण, स्वीकृत कार्ययोजना कार्यान्वियन, आयमूलक कार्यक्रम तथा उपभोक्ताहरूको क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- निष्क्रीय रूपमा रहेका कवुलियती वन उपभोक्ता समूहहरू वन व्यवस्थापनमा सक्रीय हुनेछन्।
- स्वीकृत कवुलियती वन कार्ययोजनाहरूको सहभागितामूलक रूपमा कार्यान्वयनमा जानेछन्।

जनशक्ति व्यवस्थापन

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयहरूमा रहेका वन प्राविधिक, कवुलियती वन उपभोक्ता समिति

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय

## १.११ झापा, सुनसरी, सप्तरी, मोरङ, उदयपुरमा मानव वन्यजन्तु द्वन्द तथा वन्यजन्तु उद्दार र व्यवस्थापनका लागि भेटनरी डाक्टर सहितको स.व.र. टोलि परिचालन तथा व्यवस्थापन कार्यक्रम

पृष्ठभूमि/ परिचय

- नेपालको पूर्वी क्षेत्र विशेष गरी झापा, मोरङ, सुनसरी, सप्तरी तथा उदयपुर जिल्लाका वन तथा वरपरका बसोवास क्षेत्र हुँदै भारतबाट हात्तीका बथानहरू आउजाउ गर्ने गर्दछन्। यी क्षेत्रहरू हात्तीको नियमित ओहोर दोहोर गर्ने Migratory Route भएको कारण तिनीहरूको Migration को समयमा यस्ता क्षेत्रहरूमा जन धनको क्षतिका घटना घटी मानव वन्यजन्तु द्वन्द्व बढ्दै गएको छ । यसर्थ उक्त द्वन्द्व व्यवस्थापनको लागि चालु आवमा यस कार्यक्रम सञ्चालन गरिनेछ।

उद्देश्य

- हात्तीहरू आउजाउ गर्ने विशेष सम्वेदनशील क्षेत्रहरूमा मानव वन्यजन्तु द्वन्द्व तथा वन्यजन्तु उद्धार र व्यवस्थापनका कार्यक्रमहरू गर्ने ।

कार्यान्वयन कार्यविधि

- यस कार्यक्रम अन्तरगत वन्यजन्तुको उद्धार कार्य गर्न, उद्धारसँग सम्बन्धित औपधि सामाग्रीहरूमा खर्च गर्न सकिनेछ

अपेक्षित उपलब्धि

- मानव हात्ती द्वन्द्व न्यूनीकरणमा टेवा पुग्ने छ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारीमार्फत स्थानीय तह,संरक्षण साझेदारहरू, सेना,प्रहरी
- प्रदेश मन्त्रालय वन निर्देशनालयले स.व.र भेटनरी डाक्टर सहितको टोली निर्माण गरिने र आवश्यकता अनुसार उक्त टोलीलाई द्वन्द्व नियन्त्रण, व्यवस्थापन तथा उद्धारका लागि खटाइने।

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय

## २. जडीबुटी विकास कार्यक्रम (ब.उ.शी.नं. ३२९०२१०१)

महत्वपूर्ण जडीबुटी स्रोतहरूको दिगो संरक्षण र विकासका लागि परम्परादेखि यसको सङ्कलनबाट जीविकोपार्जन गर्दै आएका विपन्न तथा पिछडिएका वर्गलाई खेती विस्तार र उद्यमशीलता विकासमा सहभागी गराई आयआर्जनका अवसरबाट गरिबी न्यूनीकरण र समतामूलक विकासमा सघाउ पुऱ्याउने सोचका साथ जडीबुटी विकास कार्यक्रम आ.व. २०६६/६७ देखि सञ्चालनमा रहेको छ । हाल ५६ वटा जिल्लाहरूमा यो कार्यक्रम सञ्चालनमा छ । यो कार्यक्रम विशेष रूपमा जडीबुटीको बाहुल्यता रहेको कर्णाली तथा सुदूर पश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरूमा ५६ वटा र केन्द्रित रहेको छ र सामान्य रूपमा जडीबुटी पाइने अन्य केही जिल्लामा समेत सञ्चालित छ ।

### २.१ प्राकृतिक रुपमा रहेका जडिबुटीहरू संरक्षण तथा व्यवस्थापन

पृष्ठभूमि/ परिचय

विभिन्न क्षेत्रको प्राकृतिक रूपमा सामुदायिक तथा कबुलियती वन, निजी तथा सार्वजनिक जग्गाहरूमा रहेका जडीबुटीहरू संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले यस कार्यक्रमको तय गरिएको छ । यस कार्यक्रमबाट देहायका विषयमा ध्यान दिई प्राकृतिक रूपमा वन तथा सार्वजनिक स्थानमा रहेका जडीबुटी संरक्षण गर्नुका साथै जडिबुटी उत्पादन तथा खेती विस्तार समेत गर्न सकिनेछ ।यसको साथै देहायको विषयहरू समेतलाई ध्यान दिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।

उद्देश्य

- वन क्षेत्रको जैविक विविधता संरक्षण गर्ने ।
- वन क्षेत्रमा जडीवुटीको विउ श्रोत संरक्षण गर्ने ।
- वन क्षेत्रमा रहेका जडीबुटीहरूको दिगो उपयोग गर्ने ।

कार्यान्वयन कार्यविधि

- प्राकृतिक रूपमा वन तथा सार्वजनिक स्थानमा रहेका जडीबुटी संरक्षण गर्नुका साथै जडीबुटी उत्पादन तथा खेती विस्तार समेत गर्न सकिनेछ ।यसको साथै देहायको विषयहरू समेतलाई ध्यान दिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।

  क. प्राकृतिक रूपमा रहेका जडीवुटीहरूको संरक्षण गर्नुपर्ने ।

  ख. व्यावसायिक रूपमा लाभ हुने स्थानीय हावापानी सुहाउने प्रजाति छनौट समेत गरी संरक्षण गर्न सकिने ।

  ग. भण्डारण स्थापनाका लागि समूह तथा सहकारीको लागत सहभागितामा स्थापना गर्नुपर्नेछ ।

अपेक्षित उपलब्धि

- प्राकृतिक रूपमा रहेका जडीबुटीहरू संरक्षण तथा व्यवस्थापन भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रमका लागि देशै भरका डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयका कर्मचारीहरू परिचालित हुनेछन् ।
- स्थानीय जडीवुटी संकलक, कृषक तथा व्यापारीहरूको ज्ञान तथा सीपलाई आवश्यकतानुसार प्रयोग गर्न सकिनेछ ।
- वन तथा भू-सरक्षण विभाग र प्रदेश मन्त्रालयवाट तथा वन निर्देशनालयवाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## २.२ जडीबुटी बिरुवा उत्पादन तथा खेती विस्तार

<u>पृष्ठभूमि/ परिचय</u>

जडीबुटी खेती विकासका लागि बिरुवा उत्पादन, वितरण, खेती प्रविधि हस्तान्तरण तथा खेती अनुदान प्रदान गरी सार्वजनिक तथा निजी जग्गामा जडीबुटी खेती प्रवर्धन गरी आयआर्जन वढाउन यो कार्यक्रम सञ्चालन गरिएको छ ।

<u>उद्देश्य</u>

- जडीबुटीको नर्सरी व्यवस्थापन गरी स्वस्थ बिरुवा उत्पादन गर्ने ।
- कृषकहरूलाई जडीबुटी बिरुवा वितरण गर्ने ।
- सार्वजनिक तथा निजी जग्गामा जडीबुटी खेती समूहलाई खेती प्रविधिमा सहयोग गर्ने।

<u>कार्यान्वयन कार्यविधि</u>

- जडीबुटीको बिउ विजन स्रोत सङ्कलन तथा खरिद गर्न सकिनेछ ।
- जडीबुटी बेर्ना उत्पादनका लागि नर्सरी स्थापना गरी व्यवस्थापन गर्ने सकिनेछ । ।
- जडीबुटी खेतीका लागि आवश्यक औजार तथा सामग्री खरिद गर्न सकिनेछ ।
- वनक्षेत्रलाई जैविक विविधतायुक्त बनाउन, बैकल्पिक आयस्रोतको रूपमा विकास गर्न जडीबुटी तथा गैरकाष्ठ प्रजातिका बिरुवा उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरित गर्नुपर्नेछ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति र उत्पादनमा अभिवृद्धि भई आयआर्जन तथा जीविकोपार्जनमा सुधार पुऱ्याउने उद्देश्यबाट यो क्रियाकलाप सञ्चालन गरिनेछ ।
- बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरू जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वन, कबुलियती वन, संरक्षित वन, साझेदारी वन आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।
- जडीबुटी तथा गैरकाष्ठ प्रजाति उत्पादन गर्दा उच्च मूल्य, बजारमा माग भएको र स्थानीय किसानको रुचि अनुसारको प्रजातिहरूको सर्वेक्षण गरी सो को सूची बनाई उत्पादन गर्नुपर्नेछ।

- नर्सरीमा विरुवा उत्पादन गर्दा स्थानीय आवश्यकता अनुसार तथा व्यावसायिक महत्वपूर्ण जडीबुटी प्रजाति, सुगन्धित घाँस तथा बाँस कलमी विरुवा उत्पादन गर्नुपर्छ।
- जडीबुटी विकास कार्यक्रमको हकमा फोकल टिमले छनौट गरेको जडीबुटी प्रजातिको विरुवा उत्पादन गर्नुपर्नेछ ।
- जडीबुटीको खेतीको लागि विशेष क्षेत्र छनौट गरी उक्त क्षेत्रमा वृक्षारोपणको लागि वहुमूल्य र ठाउँ विशेष जडीबुटी जस्तै टिमुर, जैतुन, तेजपात, अमला, घिउकुमारी आदि जातका विरुवा उत्पादनमा जोड दिनुपर्नेछ, साथै यस प्रकारका विरुवाहरू उत्पादन गर्नुपर्नेछ सम्भावना नदेखिएमा रुख प्रजातिका गैरकाष्ठ वन पैदावार जस्तैः लप्सी, ओखर, लौठसल्ला आदि जस्ता विरुवाहरू अन्यत्र नर्सरीवाट खरिद गर्नुपर्नेछ ।
- जडीबुटी प्रजाति उत्पादन गर्दा विशेष किसिमको तालिमको आवश्यकता पर्ने भएमा सोको समेत व्यवस्था मिलाउनुपर्नेछ ।
- नेपाल राजपत्र खण्ड ६४, सङ्ख्या ११, भाग ५ मिति २०७१/०३/३० मा प्रकाशित सूचनामा उल्लेखित प्रजातिहरू उत्पादन गरी गरिवी न्यूनीकरण,सामुदायिक वन उपभोक्ता समूहलाई निशुल्क र अन्यको हकमा वितरण गर्नुपरेमा उक्त राजपत्र वमोजिमको मूल्य लिई मात्र वितरण गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- प्राकृतिक वासस्थानमा जडीबुटीको संरक्षण भएको हुनेछ ।
- जडीबुटीको व्यावसायिक खेतीका लागि विरुवा उपलब्धता हुनेछ ।
- सार्वजनिक तथ निजी जग्गामा हावापानी सुहाउँदो तथा स्थान विशेषको जडीबुटी खेती विकास तथा जडीबुटी उत्पादन भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- जडिवुटी विरुवा उत्पादनका लागि देशै भरका डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरू परिचालित हुनेछन् ।

- वन तथा भू-संरक्षण विभाग र प्रदेश मन्त्रालयवाट तथा वन निर्देशनालयवाट आवश्यकतानुसार प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराइनेछ ।

जिम्मेवार निकाय

सम्बन्धित डिभिजन वन कार्यालय तथा सबडिभिजन वन कार्यालयहरू ।

## २.३ पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार

पृष्ठभूमि/परिचय

कुनै भूगोल र हावापानी विशेष स्थानमा राम्रो गुणस्तर र बढी मात्रामा उपलब्ध हुने जडीबुटीलाई सोही स्थानमा व्यवसायिकरूपमा बजारको माग अनुरुप खेती विस्तर गरी रोजगारी सृजना तथा आयआर्जन वृद्धि गर्न यो कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

उद्देश्य

- एउटा क्षेत्रमा एउटै प्रजातिको जडीवुटी बजारको माग अनुरुप व्यावसायिक रूपमा उत्पादन गरी जडीवुटि विकास तथा खेती बिस्तारमा उद्यमी,किसान तथा समूह तथा विदेशवाट फर्किएका युवालाई प्रोत्साहित गर्ने ।
- उत्पादित जडीवुटिको सहज बिक्री वितरण वातावरण निर्माण गर्ने ।

कार्यान्वयन कार्यविधि

- डिभिजन वन कार्यालय अन्तरगत रहेको फोकल टिमले तोकिएको प्रजातिको पकेट क्षेत्र पहिचान गर्नुपर्नेछ ।
- छानिएका पकेट क्षेत्रमा खेती विस्तार गर्नका लागि पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालय र पकेट क्षेत्रका स्थानीय तहमा तिस (३०) दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।
- इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह, वा किसानले प्रकाशित सूचना वमोजिम डिभिजन वन कार्यालय मा जडीबुटी खेतीको व्यावसायिक योजना सहित प्रस्ताव पेस गर्नुपर्नेछ ।
- प्रस्ताव छनौटको मापदण्ड तयार गरी जडीवुटी फोकल टिमले उत्कृष्ट प्रस्तावहरूको संक्षिप्त सूची तयार गरी डिभिजन वन कार्यालय लाई सिफारिस गर्नुपर्नेछ ।मापदण्ड तयार गर्दा

व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिनुपर्नेछ।

- फोकल टिमको सिफारिसको आधारमा डिभिजन वन कार्यालयले खेती विस्तारका लागि सम्झौता गर्नुपर्नेछ ।
- कार्य सञ्चालन गर्न प्रथम किस्तामा ४० प्रतिशत, दोस्रो किस्तामा ३० प्रतिशत र अन्तिम प्रतिवेदन प्राप्त भएपश्चात् बाँकी ३० प्रतिशत रकम अनुदानस्वरुप भुक्तानी गर्नुपर्नेछ ।
- कार्य सम्पन्न भएपछि कार्यस्थलको फोटो (जग्गाधनी वा सामुदायिक वन उपभोक्ता समूहको हकमा उपभोक्ता समेतको) पश्चात् कार्यस्थलको अवस्थिति (जि.पि.एस्) सूचक सहितका अन्य उपलब्धि/प्रभावकारिता सहितको आर्थिक र प्राविधिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ।
- प्राविधिक प्रगति प्रतिवेदनमा समावेश हुनपर्ने कुराहरू : जग्गाको कित्ता नं., फिल्ड बुक, नक्सा, क्षेत्रफल, GPS Waypoints, वृक्षारोपण गरिएका बिरुवा संख्या र प्रजाति
- अनुगमन, निरीक्षण प्रतिवेदनमा फोकल टिमका कम्तीमा २ जना सदस्यको हस्ताक्षर अनिवार्य रूपमा हुनुपर्नेछ ।
- वृक्षारोपण गरिएको ठाउँमा माथि उल्लेखित विवरणहरू सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।
- यो कार्यक्रमको डिभिजन कार्यालयले जडिबुटि उत्पादन नहुँदासम्म नियमित अनुगमन गरी पृष्ठपोषण दिनुका साथै प्रदेश मन्त्रालय र वन तथा भू-संरक्षण विभागमा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

अपेक्षित उपलब्धि

- देशको विभिन्न क्षेत्रमा हावापानी सुहाउँदो जडीबुटीको बिक्रियोग्य मात्रामा खेती विस्तार भएको हुने ।

जनशक्ति व्यवस्थापन

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय का कर्मचारीहरू
- आवश्यकतानुसारवन तथा भू-सरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट प्राविधिक सहयोग गर्ने कर्मचारी

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय

२.४ रबर खेती प्रवर्द्धन तथा विकास झापा र मोरङ

पृष्ठभूमि/ परिचय

झापा र मोरङ जिल्लामा सदुपयोग हुन नसकेका रबर खेतीका लागि सम्भाव्य सार्वजनिक तथा निजी जग्गामा रबर खेती गरी थप रोजगारी तथा आयआर्जनको स्रोत सृजना गर्न तथा स्वदेशमा रबरको आयात न्यूनीकरण तथा निर्यात प्रवर्धन गर्न यो कार्यक्रम लागु गरिएको छ।

उद्देश्य

- निजी, सरकारी तथा सार्वजनिक जग्गाहरूमा रबर खतीको प्रवर्द्धन तथा विकास गर्दै स्वदेशी रबर उत्पादनमा टेवा पुऱ्याउने ।

कार्यान्वयन कार्यविधि

- रबर खेती विस्तारका लागि व्यावसायिक योजना तयार गरी सम्वन्धित जिल्ला वन कार्यालयवाट स्वीकृत गराउनु पर्नेछ ।
- कार्यक्रम कार्यान्वयनका लागि जिल्ला भित्रको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी G.P.S सहितको नक्साङ्कन गर्नु पर्नेछ ।यस कार्यक्रम अन्तर्गत विनियोजित बजेट रबर बिरुवा उत्पादन,खरिद, वृक्षारोपण, वृक्षारोपण संरक्षण लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- भूमिको संरक्षणका साथै रबर खेती प्रवर्द्धन तथा विस्तार हुनेछ ।
- स्थानीयस्तरमा रोजगारीको अवसरहरू सृजना हुनेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरू
- वन तथा भू-संरक्षण विभाग र प्रदेश मन्त्रालयबाट तथा वन निर्देशनालयबाट आवश्यकतानुसार प्राविधिक कर्मचारी

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय

## २.५ अगरउड/चन्दन खेती विस्तार

पृष्ठभूमि/ परिचय

- अगरउड र चन्दन दुवै आर्थिक रुपले लाभदायी बहु-उपयोगी रुख प्रजाति हुन् । सुगन्धित तथा उपयोगी किसिमको रासायनिक गुण भएका यस प्राजतीहरूको औषधिजन्य तथा धार्मिक कार्यमा स्वदेश तथा विदेशमा उच्च माग भएको हुँदा यसको व्यवसायीकरण गर्न सकिएमा राष्ट्रिय अर्थतन्त्र तथा स्थानीय रोजगारीमा उल्लेखनीय टेपा पुऱ्याउन सकिनेछ ।

उद्देश्य

- अगरउड/चन्दन खेती विस्तार गरी सोको व्यवसायीकरण गरी राष्ट्रिय अर्थतन्त्र तथा स्थानीय रोजगारीमा उल्लेखनीय टेपा पुऱ्याउने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रम कार्यान्वयनका लागि जिल्ला भित्रको सरकारी, सार्वजनिक तथा निजी मध्येको उपयुक्त स्थान तथा क्षेत्र छनौट गरी G.P.S सहितको नक्साङ्कन गर्नु पर्नेछ।
- अगरउड/चन्दन खेती विस्तारका लागि व्यावसायिक योजना तयार गरी सम्वन्धित जिल्ला वन कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।
- यस कार्यक्रम अन्तरगत अगरउड/चन्दनको बिरुवा उत्पादन, खरिद, खेती विस्तार, वृक्षारोपण, वृक्षारोपण संरक्षण, अगरउड इनाकुलेशन लगायतका क्रियाकलापमा गर्न सकिनेछ ।

अपेक्षित उपलब्धि

- कम्तीमा एक वटा स्थानमा अगरउड तथा चन्दनको खेती विस्तार भएको हुने ।
- स्थानीयस्तरमा रोजगारीको अवसरहरू सृजना हुने ।

जनशक्ति व्यवस्थापन

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालयका कर्मचारीहरू

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

जिम्मेवार निकाय

- डिभिजन वन कार्यालय तथा सब-डिभिजन वन कार्यालय

## २.६ जडीबुटी सङ्कलन, प्रशोधन तथा खेती विस्तार (काभ्रेपलान्चोक र जुम्ला)

पृष्ठभूमि/ परिचय

- नेपाल जडीबुटीको भण्डारको रूपमा रहेको छ। यहाँ प्राकृतिक रूपमा समेत विभिन्न किसिमका जडीबुटी रहेका छन् भने प्राकृतिक वातावरण तथा धरातलीय विविधताका आधारमा खेती विस्तारबाट समेत विभिन्न प्रजातिका ठुलो मात्रामा जडीबुटी उत्पादन गर्ने सम्भावना रहेको छ । उत्पादन भएका जडीबुटीहरूलाई आफ्नै देशमा प्रशोधन तथा भण्डारण गर्न सकेमा यसबाट देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिन्छ। सोही कारणले जडीबुटीको विकास तथा विस्तारको सम्भावना रहेको नेपालको जुम्ला तथा काभ्रेपलान्चोकमा जडीबुटी सङ्कलन, प्रशोधन तथा खेती विस्तारका लागि यस कार्यक्रम लागु गरिएको छ ।

उद्देश्य

- काभ्रे र जुम्ला जिल्लालाई जडीबुटी प्रशोधन तथा भण्डारण केन्द्रको रूपमा विकास गर्ने ।
- सम्भावित जडीबुटीहरूको खेती विस्तार गर्ने ।

कार्यान्वयन कार्यविधि

- जिल्लामा व्यापार, यातायात तथा पहुँचका दृष्टिकोणबाट उपयुक्त स्थानमा प्रशोधन तथा भण्डारण केन्द्र स्थापना गर्न स्थान छनौट गर्नु पर्ने छ ।
- भण्डारण र प्रशोधन केन्द्र स्थापना गर्न सूचना प्रकाशन गरी जडीबुटी सहकारी तथा कृषक समूहबाट व्यावसायिक योजना सहित प्रस्ताव माग गरी उपयुक्त प्रस्ताव छनौट गर्नु पर्नेछ।
- स्थापना हुने भण्डारण तथा प्रशोधन केन्द्रका लागि सहकारी कृषक समूह वा अन्य पक्षको सहलगानीलाई प्राथमिकता दिनु पर्ने छ ।
- भण्डारण तथा प्रशोधन केन्द्र वरपरको क्षेत्रमा जडीबुटी खेतीका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्न सकिनेछ ।

- यसरी खेती विस्तारको कार्यक्रम कार्यान्वयन गर्दा वन क्षेत्र भए सम्भव भए सम्म १ (एक) हे. को ब्लकलाई एउटा इकाई मानी र निजी लगायतका अन्य क्षेत्रमा कम्तीमा ०.५ (आधा) हे. को ब्लकलाई इकाई मानी कार्यान्वयन गर्नु पर्नेछ ।

अपेक्षित उपलब्धि

- जिल्लाको पायक पर्ने स्थानमा जडीबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना हुनेछन् ।
- भण्डारण तथा प्रशोधन केन्द्र वरपरको क्षेत्रमा जडीबुटी खेती विकास भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- यस कार्यक्रम कार्यान्वयनका लागि डिभिजन तथा सबडिभिजन वन कार्यालयका कर्मचारीहरूको उपयोग गरिनेछ। आवश्यकता अनुसार सिभिल तथा लेक्ट्रो-मेकानिकल कार्यका लागि निजीक्षेत्रका जनशक्तिको उपयोग गर्न सकिनेछ।यस कार्यक्रमका लागि जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको समन्वय र सहकार्यमा कार्य सम्पादन गर्न सकिनेछ

जिम्मेवार निकाय

- सम्वन्धित डिभिजन वन कार्यालयहरू

## ३. जलाधार व्यवस्थापन कार्यक्रम (ब.उ.शी.नं. ३२९०११०२)

## ३.१ ताल तलैया र रनअफ हार्भेष्टिङ डयाम निर्माण

पृष्ठभूमि/ परिचय

नेपालको पहाडी क्षेत्रहरूमा लागि ताल तलैया, पोखरी जस्ता संरचनाहरूले जल पुनर्भरण तथा जल सिञ्चन कार्यमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यसर्थ विभिन्न स्थान मूलतः सुख्खा क्षेत्रहरूमा यस प्रकारको उद्देश्य प्राप्तिको लागि ताल तलैया, रनअफ हार्भेष्टिङ्ग डयाम लगायतको वहुउपयोगी संरचनाहरू निर्माण गर्ने कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

उद्देश्य

- ताल तलैया, रनअफ हार्भेष्टिङ डयाम निर्माण गरी भूक्षय, बाढी, पहिरो लगायतका जल तथा प्राकृतिक प्रकोप रोकथाम गर्ने।

कार्यान्वयन कार्यविधि

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू वा डिभिजन वन कार्यालयहरूले तोकिएको स्थान वा यस किसिमको कार्यक्रम सञ्चालन गर्न पहाडी भिरालो क्षेत्र तथा चुरे क्षेत्रलाई प्राथमिकता दिँदै उपयुक्त स्थान पहिचान गरिनेछ।

- स्थानीय समुदायको सहभागितामा स्वीकृत लागत अनुमान अनुसार कार्यक्रम सञ्चालन गरिने छ ।
- यसको लागि साविक भू तथा जलाधार संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि र सन्दर्भ समग्रीहरूको प्रयोग गरी प्राविधिक हिसावले सबल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न पश्चात् कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरू, विल भर्पाईहरू लगायतका आवश्यक कागजातहरू संलग्न गरी प्रतिवेदन पेस गर्नुपर्नेछ ।

अपेक्षित उपलब्धि

- पानी श्रोतको रिचार्ज, गुणस्तर र मात्रा वृद्धि भएको हुने र वाढी पहिरोको जोखिम कम भएको हुने

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरू,समूह/समिति,स्थानीय तह लगायत अन्य सरोकारवालाहरूसँगको समन्वयमा कार्यान्वयन गर्नुपर्नेछ ।
- स्थानीय तहको लागत साझेदारीमा समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- सेवाप्रदायकवाट समेत कार्य सञ्चालन गर्न सकिनेछ ।

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू
- डिभिजन वन कार्यालयहरू

## ३.२. गल्छि पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण

पृष्ठभूमि/ परिचय

नेपालको भिरालो एवम् कमजोर भू धरातलको कारण बाढी, पहिरो, भूक्षय लगायतका प्राकृतिक प्रकोपहरूले वर्षेनी ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ । पहाडी क्षेत्रहरूमा उक्त प्रकोपहरूको नियन्त्रण एवं रोकथाम गर्न गल्छी पहिरो नियन्त्रण, खोला किनार संरक्षण निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

उद्देश्य

- बाढी, पहिरो, भूक्षय लगायतका प्राकृतिक प्रकोपहरूको नियन्त्रण गर्ने।

कार्यान्वयन कार्यविधि

- यो कार्यक्रम भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू वा डिभिजन वन कार्यालयहरूले तोकिएको स्थान वा यस किसिमको जोखिमपूर्ण स्थान पहिचान गरी कार्यक्रम सञ्चालन (जोखिम आँकलन, नक्सा तयारी, ल.ई तयार, कार्यान्वयन आदि) गर्न सक्ने छ ।
- यसका लागि साविक भू-तथा जलाधार संरक्षण विभागले तयार गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि र भू-क्षय एवं पहिरो नियन्त्रण सम्बन्धी गाईड लाइन वा सन्दर्भ समग्रीहरूको प्रयोग गरी प्राविधिक हिसावले सबल हुनेगरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने छ ।
- साथै साविकको भू-संरक्षण विभागबाट प्रकाशित पहिरो व्यवस्थापन सम्वन्धी guidelines लाई समेत ध्यानमा राखी गल्छी पहिरो नियन्त्रण तथा फलफूल सहितको बायोइन्जिनियरिङको क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न पश्चात् कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरू, विल भर्पाईहरू लगायतका आवश्यक कागजातहरू संलग्न गरी पेस गर्नुपर्नेछ ।

अपेक्षित उपलब्धि

- भू-क्षय नियन्त्रणमा टेवा पुग्नेछ ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी वा भू -तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरू, समूह/समिति, स्थानीय तह स्थानीय तह ।
- सेवाप्रदायक।

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू
- डिभिजन वन कार्यालयहरू

४. सहरी हरित पार्क/वातावरणमैत्री पार्क निर्माण (वातावरण विभाग, ब.उ.शी.नं. ३२९०५०११)

पृष्ठभूमि/ परिचय

- हरित अर्थतन्त्र निर्माणमा हरित उद्यान (Green City Park) को निर्माण, व्यवस्थापन तथा संरक्षणले ठुलो भूमिका खेल्ने देखिन्छ। सहरी क्षेत्र भित्रका सडक किनारा, नदी किनारा तथा धार्मिक स्थलहरूमा वृक्षारोपण, संवर्द्धन र व्यवस्थापनका साथै सहरी सार्वजनिक तथा अन्य आवश्यक स्थानमा उद्यान विकास तथा व्यवस्थापन गरी हरियाली प्रवर्द्धन, सौन्दर्यीकरण तथा प्रदूषण न्यूनीकरणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

उद्देश्य

- नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ अन्तर्गत सञ्चालन गर्ने ।
- विभिन्न क्षेत्रमा हरियाली वृद्धि गर्ने, प्रदूषण कम गर्न सहयोगी भूमिका खेल्ने, खुला स्थानको उपलब्धता सुनिश्चित गराउने तथा जैविक विविधताको संरक्षण हुने

कार्यान्वयन कार्यविधि

यस कार्यक्रम अन्तरगत देहायका कार्यक्रमहरू सञ्चालन हुनेछन् ।

क. उद्यान निर्माणका लागि देहायका कार्यहरू समावेश गर्न सकिनेछः-

- निर्माणजन्य कार्य (Civil work): साइट क्लियरेन्स, माटो खन्ने/पुर्ने, सोलिङ, कंक्रिटजन्य कार्य, इँटाको काम, ढुङ्गाको काम, फलाम/डन्डीजन्य कार्य, फ्लोरिङ कार्य, छानो सम्वन्धी कार्य, झ्याल तथा ढोका सम्वन्धी कार्य, प्लास्टर, रङ्ग रोगन, भत्काउने तथा मिल्काउने, एलुमिनियम तथा प्रिफ्याब सम्वन्धी कार्य र अन्य आवश्यक निर्माणजन्य कार्यहरु

- खानेपानी तथा सरसफाई सम्बन्धी (Sanitary Works) : ड्रेनेज, वाटर सप्लाई, ट्वाईलेट तथा बाथरुम, पानी ट्याङ्की (भूमिगत तथा एलिभेटेड), सेप्टिक ट्याङ्क र सक पिट, पाइप तथा जडान र अन्य आवश्यक कार्यहरु
- विद्युत् सम्बन्धी कार्य (Electricity Works): वाइरिङ, बत्ती जडान, विद्युत् पोल, बत्ती पोलt, एमसिबी, डिवी वोर्ड, नेटवर्किङ, टेलिफोन तथा अन्य आवश्यक कार्य.
- सौन्दर्यीकरण (Landscaping Works) : सजावट, बगैंचा निर्माण, वातावरण सुधार तथा अन्य आवश्यक कार्य
- विरुवा रोपण (Plantation Works): होइङ, विडिङ, मल्चिङ, प्रुनिङ, वाटरिङ, टर्पिङ/दुबो रोपण, मौसमी फुलविरुवा रोपण, झाडी तथा बुट्यान रोपण, सदावहार रुख प्रजाति रोपण, घेरबार तथा स्याहार र उपचार ।
- सचेतना (Awareness Works): होर्डिङ वोर्ड, डिजिटल डिस्प्ले, सूचना पाटी, कुडादान, तथा अन्य सम्वन्धित कार्यहरु।
- नोटः आयोजनाको स्थान, अवस्थिति, ड्रइङ्ग/डिजाइनको आधारमा आवश्यक कार्यमात्र गर्नु पर्ने छ । माथिको कार्यको स्पेसिफिकेसन, दररेट विश्लेषण, लागत अनुमान, संरचनाहरुको ड्रयिङ तथा डिजाइन अनिवार्यरुपमा संलग्न गर्नु पर्नेछ

ख. वृक्षारोपण, हरियाली प्रवर्द्धन र सौन्दर्यीकरणका लागि देहायका कार्यहरू समेट्न सकिनेछः-

- यस कार्यका लागि माथि उद्यान निर्माणका लागि उल्लेख भएका कार्यहरू मध्ये आवश्यक कार्यहरू र त्यसको Drawing, Design, Specification, Rate analysis र Estimate अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।
- सडक, नदी किनारा जस्ता Linear रूपमा गरिने वृक्षारोपणका लागि right of way स्पष्ट हुनुपर्नेछ ।
- खण्ड (ख) बमोजिम गरिने वृक्षारोपणको लागत अनुमान तयार गर्दा Tree Guard को Drawing, Design, Specification, Rate analysis र Estimate समेत समावेश गरेको हुनुपर्नेछ ।

ग. कार्यक्रम सम्पन्न पश्चात् कार्य सम्पन्न प्रतिवेदनको साथमा कार्यक्रम कार्यान्वयन गरिएको क्षेत्रको नक्सा, फोटोग्राफहरू, विल भर्पाईहरू लगायतका आवश्यक कागजातहरू संलग्न गरी पेस गर्नुपर्नेछ।

३४

घ. यो कार्यक्रम सञ्चालन गर्दा इन्जिनियरिङ संरचना भन्दा हरित संरचनालाई प्राथमिकता दिई क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

ङ. स्थानीय तहको लागत साझेदारी

स्थानीय तहहरूले समेत यसमा साझेदारको रूपमा कार्य गर्न सक्नेछन् । साझेदारी युक्त प्रस्तावलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । यसको लागि देहायको व्यहोरा खुलाई प्रस्ताव पेस गर्नु पर्नेछ। लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न चाहने स्थानीय तहले देहाय बमोजिमको लागत साझेदारी सहितको अवधारणा पत्र (बढीमा ५ पृष्ठको) पेस गर्नु पर्नेछ ।

(क) कार्यक्रमको नाम:

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण:

(ग) उद्देश्य:

(घ) लक्षित समुदाय:

(ङ) क्रियाकलाप:

(च) कार्यक्रम अवधि:

(छ) वातावरण संरक्षणमा यसले पार्ने प्रभाव:

(ज) अनुमानित कूल लागत:

(१) स्थानीय तहको हिस्सा:

(२) अन्य साझेदारको हिस्सा:

(३) यस कार्यक्रमबाट प्रदान गर्ने सहयोगको हिस्सा (माग)

अपेक्षित उपलब्धि

- हरित पार्क स्थापना तथा व्यवस्थापन भएको हुने ।

जनशक्ति व्यवस्थापन

- प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय वा डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूका कर्मचारी वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयका कर्मचारीहरू, समूह/समिति, सेवाप्रदायक।

जिम्मेवार निकाय

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- डिभिजन वन कार्यालयहरू
- स्थानीय तह